नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सूचना तथा प्रविधि शाखा

सिंहदरबार, काठमाडौं

मितिः- २०८० चैत्र ४ गते

प.सं.: २०८०/८१

च.नं.: ४५४

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु — सबै ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८०।११।२९ च.नं. ४८६९६ को पत्र यसै साथ संलग्न छ । पत्र बमोजिम आ.व. २०७६/७७ मा साङ्टा लिफ्ट प्रविधि खानेपानी निर्माणको बोलपत्रमा कामै नगरी ठेकेदारलाई रु. ५० लाख भुक्तानी दिएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला दैलेख, दुल्लु नगरपालिकाले आ.व. २०७६/७७ मा साङ्टा दुल्लु लिफ्ट प्रविधि खानेपानी निर्माण (ठेक्का नं. ३७/०७६/७७) को बोलपत्र आव्हान गरी मनिषा एस.एस. कन्ट्रक्सन प्रा.लि. दुल्लु नगरपालिका ८ दैलेखसँग रु. ५०,६७,०८४।— (पचास लाख सतसठ्ठी हजार चौरासी) मा ठेक्का सम्झौता गरी लागत अनुमान अनुसारको ८० एम.एम. को २२९० मिटर र १०० एम.एम. को १४०० मिटर जि आई पाइप खरिद गरेको भन्ने ठेक्का बिल, कार्यसम्पन्न प्रतिवेदन तयार गरी मु.अ. कर बाहेकको रकम रु. ४३,९५,३४९।— (त्रीचालिस लाख पन्चानब्बे हजार तीन सय उन्पचास) कार्यसम्पन्न नहुँदै अर्को आदेश नहुन्जेल रोक्का राख्ने गरी आरोपितको राष्ट्रिय वाणिज्य वैकको खातामा असार मसान्तको अन्तमा रकम पठाई फ्रिज हुनबाट जोगिएको/जोगाएको देखियो । आ.व. समाप्तीपछि आयोजनाको अनुगमन गर्दा कामै नभएको/नगरेको पाइएकोले भुक्तानी पठाएको उक्त रकमको बार्षिक १०% का दरले व्याज वापतको हुन आउने रकम र बैंक जमानत समेत गरी रु. ५२,५०,६३७।— (बाउन्न लाख पचास हजार छ सय सैंतीस) असुल उपर गरी राजश्व खातामा दाखिला गरी उक्त फर्मलाई कालोसूचीमा राखेको समेत देखियो । सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरेको देखिएन तर संघीय तथा प्रदेश सरकारका सशर्त, विशेष र समपुरक अनुदान तर्फका आयोजनाहरुको कार्य सम्पन्न नभएको अवस्थामा बजेट फिर्ता नगर्ने उद्देश्यले कार्य सम्पन्न नभएका योजनाका बजेट विभिन्न निर्माण व्यवसायी/उपभोक्ता समितिका खातामा स्थानान्तरण (Transfer) गरी रोक्का राख्ने जस्ता प्रचलित कानून विपरितका काम कारवाही गरेकोले सो नगर्न/नगराउन संघीय सरकार मार्फत सबै प्रदेश र स्थानीय तहलाई सुझाव लेखी पठाउने भनी आयोगबाट मिति २०८०।११।२२ मा निर्णय भएकोले सो निर्णय बमोजिम प्राप्त सुझाव कार्यान्वयन गर्नु/गराउनु हुन आदेशानुसार अनुरोध छ ।

शेखर निधि पौड्याल

शाखा अधिकृत

वोधार्थः

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

टङ्गाल, काठमाडौं ।

देतदह नगरपालिका कार्यालय
दर्ता नं.: १०८८
मिति: २०८०/१२/८

फोन नं. : (+९७७)-(१)-४२००३०६

इमेलः it.section@mofaga.gov.np, बेवसाईटः www.mofaga.gov.np

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

पत्र संख्या :- २०८०/०८१

चलानी नं. :- ४८६९६

मितिः- २०८०/११/२९ गते।

श्री सूचना इकाई

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः- सुझाव पठाइएको।

प्रस्तुत विषयमा यस आयोगमा दर्ता हुन आएको उ.द.नं. C-००१९५६, मिति २०८०/०४/०५ को उजुरी अनुसार आ.व. २०७६/०७७ मा साङटा लिफ्ट प्रविधि खानेपानी निर्माणको बोलपत्रमा कामै नगरी ठेकेदारलाई रु. ५० लाख भुक्तानी दिएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला दैलेख, दुल्लु नगरपालिकाले आ.व. २०७६/०७७ मा साङ्टा दुल्लु लिफ्ट प्रविधि खानेपानी निर्माण (ठेक्का नं. ३७/०७६/०७७) को बोलपत्र आव्हान गरी मनिषा एस.एस. कन्ट्रक्सन प्रा.लि. दुल्लु नगरपालिका ८ दैलेखसँग रु. ५०,६७,०८४।-(पचास लाख सतसठ्ठी हजार चौरासी) मा ठेक्का सम्झौता गरी लागत अनुमान अनुसारको ८० एम.एम. को २२९० मिटर र १०० एम.एम. को १४०० मिटर जि आई पाइप खरिद गरेको भन्ने ठेक्का बिल, कार्यसम्पन्न प्रतिवेदन तयार गरी, मु.अ. कर बाहेकको रकम रु.४३,९५,३४९।-(त्रीचालिस लाख पन्चानब्बे हजार तीन सय उन्पचास) कार्यसम्पन्न नहुँदै अर्को आदेश नहुन्जेल रोक्का राख्ने गरी आरोपितको राष्ट्रिय वाणिज्य बैंकको खातामा असार मसान्तको अन्तमा रकम पठाई बजेट फ्रिज हुनबाट जोगिएको/जोगाएको देखियो। आ.व. समाप्तीपछि आयोजनाको अनुगमन गर्दा कामै नभएको/नगरेको पाइएकोले भुक्तानी पठाएको उक्त रकमको बार्षिक १०% का दरले ब्याज बापतको हुन आउने रकम र बैंक जमानत समेत गरी रु. ५२,५०,६३७- (बाउन्न लाख पचास हजार छ सय सैंतीस) असुल उपर गरी राजश्व खातामा दाखिला गरी उक्त फर्मलाई कालोसूचिमा राखेको समेत देखियो। सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरेको देखिएन तर संघीय तथा प्रदेश सरकारका सशर्त, विशेष र समपुरक अनुदानतर्फका आयोजनाहरुको कार्य सम्पन्न नभएको अवस्थामा बजेट फिर्ता नगर्ने उद्देश्यले कार्य सम्पन्न नभएका योजनाका बजेट विभिन्न निर्माण व्यवसायी/उपभोक्ता समितिका खातामा स्थानान्तरण (Transfer) गरी रोक्का राख्ने जस्ता प्रचलित कानून बिपरितका काम कारवाही गरेकोले सो नगर्न/नगराउन संघीय सरकार मार्फत सबै प्रदेश तथा स्थानीय तहलाई सुझाव लेखी पठाउने भनी आयोगबाट मिति २०८०/११/२२ मा निर्णय भएको व्यहोरा आवश्यक कार्यार्थ अनुरोध गर्दछु।

(कृष्ण बहादुर दहाल)
अनुसन्धान अधिकृत

देवदह नगरपालिका कार्यालय
दर्ता नं.: १०६९
मिति: २०८०/१२/८

फोन: ५२६२१८०, ५२६२२४७, टोलफ्रि नं. : १६६०-०१-२२२३३, फयाक्स : ५२६२१२८, ५२६२१०४, E-mail : akhtiyar@ntc.net.np